## पाठ - 1
## व्रतको बिषय

## الدرس الأول - نيبالي
أحكام الصيام

**व्रत (रोज़ा) को हुकुम** : इस्लामको पाँच आधारहरु मध्ये एउटा आधार रमजानको रोजा पनि हो, नबी ﷺ ले भन्नु भएको छ:

بُنِيَ الإِسْلَامُ عَلَى خَمْسٍ: شَهَادَةِ أَنْ لاَ إِلَهَ إِلَّا اللهُ وَأَنَّ مُحَمَّدًااللهِّ، وَإِقَامِ الصَّلاَةِ، وَإِيتَاءِ الزَّكَاةِ، وَالحَجِّ، وَصَوْمِ رَمَضَانَ

**इस्लामको स्थापना पाँच आधारहरु माथि भएको छ, यो गवाही दिनु कि वास्तवमा अल्लाह बाहेक अरु कोही पूज्य छैन, र मुहम्मद ﷺ अल्लाहको रसूल हुनु हुन्छ, नमाज कायम गर्नु, जकात दिनु, हज गर्नु, र रमजानमा व्रत बस्नु»** (बुखारी- ८, मुस्लिम, १६)
रोजा भनेको अल्लाहसित नजिक हुनु र त्यसको प्रसन्नता प्राप्तिको लागि फजर उदय हुने देखि सुर्य अस्त सम्म खानु पीउनु, यौन सम्पर्क, र हरेक प्रकारको रोजा भँग गर्ने कुराहरुबाट रुक्नु हो, रमजानको रोजाको अनिवार्यता प्रति सबै मुस्लिमहरुको सहमति भएको छ, अल्लाह तआलाले भन्नु भएको छ: فَمَنْ شَهِدَ مِنكُمُ الشَّهْرَ فَلْيَصُمْهُ

**तिमीहरु मध्ये जसले पनि यो महिना पायो भने पुरा महिना व्रत बसोस** ।
र यो हरेक वयस्क र बुद्धिमान मुस्लिम माथि अनिवार्य छ, १५ बर्षको उमेरले, वा कन्दनी भन्दा तलको ठाउँमा बाल उग्नाले, वा सपनामा वा अरु कुनै कारणले वीर्य निसकनाले वयस्कको पहिचान हुन्छ, र महिलाहरुको लागि मासिक खुलनु पनि एउटा थप पहिचान हुन्छ, तसर्थ जहिले पनि कुनै व्यक्तिमा यी कुराहरु मध्ये कुनै कुरा पाइन्छ भने त्यो वयस्क घोषित हुन्छ ।

**रमज़ान महिनाको गुण र बिशेषता** : अल्लाह तआलाले रमजानको महिनामा धेरै यस्तो गुण राख्नु भएको छ जुन् अरु समयमा राखिएको छैन, त्यसको विशेषता र गुणहरु मध्ये :
१- मलाएका (देवदुतहरुले) रोजादारको लागि रोजा खोलिने सम्म अल्लाह संग क्षमा माँगने गर्छन ।
२- यस महिनामा अट्टेरी शैतानहरु थुनिएका हुन्छन ।
३- यस महिनामा लैलतुल कद्र भनेको एउटा खास राति हो जुन् हजार महिना भन्दा अधिक राम्रो र उत्तम छ । यसको विशेषता मध्ये यो पनि हो कि :
४- रमजान महिनाको अन्तिम रातिमा रोजादारहरुलाई क्षमा प्रदान हुन्छ ।
५- रमजानको हरेक रातिमा केहि व्यक्तिहरु लाई अल्लाहले नरकबाट मुक्त गरिदिनु हुन्छ ।
६- रमजानको महिनामा ऊमराको पुण्य हज् बराबर हुन्छ ।
रमजानको विशेषताहरु मध्ये अबूहुरैरह رضي الله عنه को हदीस छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ صَامَ رَمَضَانَ، إِيمَانًا وَاحْتِسَابًا، غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ

जसले रमजानको रोजा इमान र उपहारको आशामा राख्दछ भने उसको पहिलेका सम्पूर्ण पापहरु माफ भई हाल्छन» (बुखारी - ३८,मुस्लिम, ७६०)
अर्को हदीसमा रसूल ﷺ ले भन्नु भयो: आदमको सन्तानले गरेको हरेक कर्ममा बिकास हुन्छ, एउटा पुण्य चाहिं दस गुणा देखि सात सय गुणा सम्म अधिक बिकासित हुन्छ, अल्लाह तआलाले भन्नु भयो : तर मात्र रोजा बाहेक किन भने रोजा चाहिं मात्र मेरो लागि छ र त्यसको तर्फबाट म आफै प्रयाप्त छु (बुखारी- ५९२७, मुस्लिम, ११५१)